"जलस्रोत, पर्यटन र जडिबुटीले सम्मुनतविगु गाउँपालिका"

विगु गाउँपालिका
Bigu Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमति प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७९/०८०
चलानी नं./Dispatch No:-

मिति/Date :२०७९/११/०२

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना !!!

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५(पहिलो संशोधन, २०७७, दोस्रो संशोधन, २०७८ सहित) बमोजिम आगामी आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०७९ फागुन महिनामा आफुले स्थायी बसोबास गरेको गाउँपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाचाँ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूचि-१(संशोधित) बमोजिम हुनपर्ने छ।। निवेदनको ढाचाँ सम्बन्धित वडा कार्यालयबाट पनि प्राप्त गर्न सकिने छ, साथै यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड:**

१. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
२. निवेदन दिंदाको मितिसम्म सोही आर्थिक बर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
३. १८ देखि ५९ बर्ष उमेर समुहको ।
४. पुर्ण विवरण सहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात:**

१. विगु गाउँपालिकामा स्थायी बसोबास देखिने नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
२. परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नेपाली नागरिकताको प्रमाण-पत्र स्पष्ट देखिने प्रतिलिपी ।
३. नागरिकता नभएका सदस्यहरुको हकमा जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
४. निवेदकको नागरिकतामा स्थायी बसोबास विगु गाउँपालिका नभएमा बसाइसाराइ वा विवाह दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
५. पासपोर्ट साइजको फोटो १ प्रति ।

***पुनश्च: बेरोजगार व्यक्तिहरुले अनुसूचि-१ बमोजिम निवेदनमा उल्लेखित विवरणहरु (आफु लगायत परिवारका सम्पूर्ण व्यक्तिहरुको पारिवारिक विवरण, आय/आम्दानी, अन्य पेशा व्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध भए नभएका आदि) यथार्थपरक र पूर्ण रुपमा अनिवार्य भर्नुपर्नेछ, यथार्थपरक र पूर्ण रुपमा नभरेको निवेदन रोजगार सेवा केन्द्रले सूचिकृत गर्न बाध्य हुनेछैन, निवेदन दिंदा आवश्यक प्रमाण-पत्रहरुको प्रतिलिपी सक्कल बमोजिम नक्कल सहि छ भनी निवेदक आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ, थप जानकारीका लागि विगु गाउँपालिकाको सम्बन्धित वडा कार्यालयहरु तथा रोजगार सेवा केन्द्रमा सम्पर्क राख्न सकिनेछ ।***

....................
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०४९-४१०१०९ ईमेल:info@bigumun.gov.np, bigumun@gmail.com वेभ साइट: www.bigumun.gov.np